बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल
(२०७३)

☎ ०४६ –४१०००८,
०४६ –४१०००९

प.सं. : २०८०/८१
च.नं. : ५०१

मिति : २०८१/०३/१९

सूचना ! सूचना !! सूचना !!!

## विज्ञापन रद्द गरिएको सूचना

उपरोक्त सम्बन्धमा यस बागमती नगरपालिकामा मिति २०८०/०९/२० गते प्रकाशित सूचना अनुसार आवेदन पर्न आएको र सो करार जनशक्ति माग गरिएको कर्मचारीको आवश्यक संख्या, मिति २०८०/१२/०६ गतेको कार्यपालिकाको बैठकबाट माग संख्या संशोधन हुन गएको हुदाँ करार जनशक्ति व्यवस्थापन समितिको मिति २०८१/०१/२४ गतेको निर्णय अनुसार विज्ञापन रद्द गरिएको र माग गरिएको पदमा दरखास्त दिनु भएको आवेदकले दरखास्त दस्तुर फिर्ता माग भई आएमा फिर्ता दिने भनि निर्णय भएको हुदाँ सम्बन्धीत आवेदकले कार्यालय समयमा आई आवश्यक कागज पत्र साथ निवेदन गर्न हुन यो सूचना प्रकाश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

...........................
(हरि लाल पुरी)
प्रमूख प्रशासकीय अधिकृत

(नोट : सूचना प्रविधि अधिकृत- नगरपालिकाको वइवसाईटमा राखि दिनु हुन )

आज मिति २०८१ साल बैशाख २४ विहान ८:३० बजे जिल्ला सर्लाही बागमती नगरपालिका नगर कार्यपालिकाको सेवा करार जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष श्री प्रदिप आचार्य ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीको उपस्थितीमा बैठक बसि निम्न प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिती

१.श्री प्रदिप आचार्य अध्यक्ष

२.श्री मिन प्रसाद उपाध्यय सदस्य

३.श्री सुजन बडाल सदस्य

४.श्री निलम कुशवाहा सदस्य

५.श्री बासुदेव अधिकारी सदस्य

आमन्त्रित

श्री हरि लाल पुरी प्र.प्र.अ.

श्री कालु बोट कम्प्यूटर अपरेटर

प्रस्तावहरु

१.विज्ञापन पद संशोधन सम्बन्धमा

२.सेवा करारको विज्ञापन रद्द गरि पुन सुचना प्रकाशन गर्ने सम्बन्धमा ।

३.विविध

निर्णयहरु

प्रस्ताव नं.१ मा छलफल गर्दा मिति २०८०/०९/२० गते सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्वन्धी सूचनामा उल्लेखित पदहरुलाई तपसिल बमोजिम संशोधन गर्ने भनि मिति २०८०/१२/०६ गतेको नगर कार्यपालिकाको बैठकले निर्णय भएको हुँदा सो निर्णयलाई सेवा करार जनशक्ति व्यवस्थापन समितिबाट पास गर्ने भनि निर्णय गरियो ।

तपशिल

| सि.नं. | पद | विज्ञापन संख्या | हाल कायम संख्या | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | १ | १ | नगरपालिका | |
| २ | सूचना प्रविधि अधिकृत छैठौं | १ | ० | नगरपालिका | |
| ३ | सव ईन्जिनियर | ३ | २ | नगरपालिका | |
| ४ | ल्याव टेक्निसियन पाचौ | २ | ० | नगरपालिका | |
| ५ | पशू शाखा प्राविधिक | १ | १ | पशू शाखा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कम्प्यूटर अपरेटर पांचौ ( राजस्व संकलक) | ५ | १ | नगरपालिका | |
| ७ | कम्प्यूटर अपरेटर चौथौ | ७ | ९ | नगरपालिका, विभिन्न शाखा, आयोजनाहरु | |
| ८ | आयोजना सूरक्षा (सूपरभाइजर) पाचौ | ३ | ३ | विभिन्न योजना | |
| ९ | अ.हे.व. | ० | १ | कर्मैया स्वास्थ्य चौकी | |
| १० | अ.न.मी. चौथौ | २ | १ | ढुंग्रेखोला स्वास्थ्य चौकी | |
| ११ | आयोजना सूरक्षा (हेरालू) डिभाइस संचालक कार्यालय सहयोगि सरह | १० | ४ | हेरालू | |
| | | | ६ | बागमती माछा पोखरी डिभाइस | |
| १२ | सामाजिक परिचालक | २ | १ | राजघाट वडा कार्यालय | |
| १३ | मेलमिलाप संयोजक | २ | १ | राजघाट वडा कार्यालय | |
| १४ | हलूका सवारी चालक | ३ | २ | नगरपालिका | |
| १५ | कार्यालय सहयोगी | १० | ९ | आवश्यक कार्यालयहरुको लागि | |
| १६ | कार्यालय सूरक्षा गार्ड | ४ | १ | नगर प्रमूख | |
| १७ | माली तथा विरुवा हेरालू ( का.स. सरह | ३ | ३ | नगर बगैचा ३, ४ र १२ | |
| | जम्मा संख्या | ५९ | ४६ | | |

प्रस्ताव नं.२ मा छलफल मिति २०८०/०९/२० गते यस बागमती नगरपालिकाबाट सेवा करार जनशक्ति आवश्यक रहेको भनि प्रकाशित सूचनालाई रद्द गरि नगर कार्यापालिकाको मिति २०८०/१२/०६ निर्णय बमोजिम शंशोधन भएका पद संख्याको आधारमा पुन सेवा करार छनोट प्रकृयको लागि सूचना प्रकाशन गर्ने भनि निर्णय गरियो ।

प्रस्ताव नं.३ विविधमा छलफल गर्दा नगरकार्यपालिकाबाट निर्णय भई मिति २०८०/०९/२० मा प्रकाशन भएको सूचनामा दरखास्त दिएका उम्मदेवारले राजश्व रकम फिर्ता दिन चाहेमा फिर्ता दिने र पु:न प्रकाशन हुने विज्ञापनमा समावेश हुन चाहेमा सोही राजश्व रसीदको आधारमा दरखास्त दर्ता गर्न सक्ने व्यवस्था गर्ने निर्णय गरियो ।